१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

आज मिति २०८२/०४/०६ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री स्किम श्रेष्ठको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ७ को दफा १६ बमोजिम देहायका महानुभावहरुको समुपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिति:-</u>

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | श्री स्किम श्रेष्ठ | अध्यक्ष/प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | ९८५५०२७७७७ | |
| २. | ललित बहादुर घलान | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर | ९८५५०८८२५५ | |
| ३. | श्री मिना कुमारी लामा | नगर प्रमुख | हेटौंडा उपमहानगरपालिका | ९८५५०३८५४३ | |
| ४. | श्री विष्णु बहादुर विष्ट | नगर प्रमुख | थाहा नगरपालिका | ९८५५०८९३४५ | |
| ५. | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | कैलाश गाउँपालिका | ९८५५०७७२६६ | |
| ६. | श्री देवकृष्ण पुडासैनी | अध्यक्ष | इन्द्रसरोवर गाउँपालिका | ९८४१४९२३६३ | |
| ७. | श्री हिदम लामा | अध्यक्ष | भीमफेदी गाउँपालिका | ९८५५०६८२८६ | |
| ८. | श्री राजकुमार मल्ल | अध्यक्ष | राक्सिराङ्ग गाउँपालिका | ९८५५०६९४०५ | |
| ९. | श्री रन्जन कालाखेती | अध्यक्ष | मनहरी गाउँपालिका | ९८५५०६७४१४ | |
| १०. | श्री दोर्जे लामा स्याङतान | अध्यक्ष | मकवानपुरगढी गाउँपालिका | ९८४५४६१०८० | |
| ११. | श्री धर्मराज लामिछाने | अध्यक्ष | बकैया गाउँपालिका | ९८४५०५७३२७ | |
| १२. | श्री सर्केश घलान | अध्यक्ष | बागमती गाउँपालिका | ९८५५०७२०७२ | |
| १३. | श्री राजेन्द्र प्रसाद कडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | ९८५५०३०४९५ | |
| १४. | श्री शान्ति वि.क. | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर | ९८५५०११२२२ | |
| १५. | श्री निरञ्जन धामी | प्रमुख सेनानी | गोरख बहादुर गण, सुपारेटार व्यारेक, हेटौंडा | ९८५११४१०६३ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १६. | ~~श्री विश्व राज खड्का~~ श्याम अधिकारी | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, मकवानपुर | ९८५५०४५५५५ | |
| १७. | श्री ~~सन्तोष विक्रम शाह~~ विष्णु दत्त अवस्थी | सशस्त्र प्रहरी उपरीक्षक नापप | सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुर | ९८५१२७२३९५ | |
| १८. | श्री हेमन्त चौधरी | उप-अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मकवानपुर | ९८५५०६७४१७ | |
| १९. | श्री बुद्ध लामा | जिल्ला सभापति | नेपाली काँग्रेस मकवानपुर | ९८५५०७३२२० | |
| २०. | श्री श्रीधर पोखेल | जिल्ला अध्यक्ष | नेकपा एमाले मकवानपुर | ९८५५०७१७१६ | |
| २१. | श्री भीम पाखीन वीरबहादुर बलाम (उपाध्यक्ष) | जिल्ला अध्यक्षज्यू | नेकपा माओवादी केन्द्र मकवानपुर | ९८४५०२९४१७ | |
| २२. | श्री भरत पराजुली किशोर अधिकारी | जिल्ला सभापति जिल्ला सल्लाहकार | राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुर | ९८५५०६८२९९ | |
| २३. | श्री विष्णु प्रसाद दाहाल ध्रुव ज्ञवाली | जिल्ला अध्यक्ष उपाध्यक्ष | नेकपा (एस) मकवानपुर ,, | ९८५५०६७३६२ ९८४५०९७०२६ | |
| २४. | श्री शिवराम थापा | जिल्ला अध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुर | ९८४५३९१६५९ | |
| २५. | श्री गुरुप्रसाद सापकोटा | जिल्ला अध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल मकवानपुर | ९८५५०६७३४४ | |
| २६. | श्री उत्तम गोम्जा गीता कार्की | जिल्ला संयोजक उपाध्यक्ष | जनता समाजवादी पार्टी नेपाल मकवानपुर | ९७६१७१५०७० ९८४५६२२४९२ | |
| २७. | श्री आर.आर. सुवेदी | जिल्ला इन्चार्ज (केन्द्रीय सदस्य) | जनमत पार्टी मकवानपुर | ९८४५०२२५८५ | |
| २८. | श्री सन्तलाल भैलो | जिल्ला अध्यक्ष | नेपाल मजदुर किसान पार्टी मकवानपुर | ९८४५०७२७५३ | |
| २९. | श्री अर्जुन पाठक | जिल्ला अध्यक्ष | सचेत नेपाली पार्टी मकवानपुर | ९८६१४८२७२४ | |
| ३०. | श्री मंगल सिं मुक्तान | जिल्ला इन्चार्ज | नेकपा माले मकवानपुर | ९८६१८१८८१४ | |
| ३१. | श्री सुमन गौतम | जिल्ला अध्यक्ष | नेकपा राष्ट्रिय एकता अभियान मकवानपुर | ९८५५०६७७९८ | |
| ३२. | श्री संगीता घले | नि. इकाइ प्रमुख | जि. वि. तथा स. ड.; मकवानपुर। | ९८५५०१६८८८ | |
| ३३. | रवि प्रधान | प्र. प्रबन्धक | नेपाल टेलिकम हेटौंडा | ९८५५०५२५३३ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| ३४. | बद्रीप्रसाद चौहान | नि.व. अध्यक्ष | नारायणी मातापुर उपभोक्ता समिति | ९८५५०६८११५ | |
| ३५. | हिम प्र. पौडेल | अधिकृत | हेटौडा उ.न.पा. | ९८५५०२८२२९ | |
| ३६. | सुबोध अधिकारी | डि.डि.ई. | सहरी विकास तथा भवन कार्यालय | ९८५५०१२२०५ | |
| ३७. | संगिता कुँवर | का. मु. क्षेत्र व्यवस्थापक | हेटौडा औद्योगिक क्षेत्र | ९८५१२६३३५९ | |
| ३८. | सुजन भण्डारी | डि.डि.ई. | पुर्वाधार विकास कार्यालय, मकवानपुर | ९८५५०८४३५५ | |
| ३९. | नवनित चौधरी | ईन्जिनियर | स्थानीय पूर्वाधार विकास आयोजना, हेटौडा | 9845529260 | |
| ४०. | यादव सुवेदी | इन्जिनियर | सडक डिभिजन हेटौडा | ९८५५०६५३११ | |
| ४१. | हेम बहादुर थापा | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय राप्ती, मकवानपुर | ९८५५०९१४६८ | |
| ४२. | राकेश प्र. चन्द्रवंशी | डि.व.अ. | डि.व.का. मकवानपुर | ९८५५०४६५५३ | |
| ४३. | श्याम अर्याल | DSP | जि.प्र.का. मकवानपुर | ९८५५०५०३१५ | |
| ४४. | सुरेश थापा | अधिकृत/ सिनियर डिभिजनल इन्जि | हेटौडा सिमेन्ट (ओ.पी.) | ९८४५८५४२५९ | |
| ४५. | कृष्ण ब. मिजार | प्रमुख | भूमि सं. कार्यालय मकवानपुर | 9855071305 | |
| ४६. | प्रवीण श्रेष्ठ | का.प्र. | या.व्य. का. हेटौडा, | ९८५५०२४१५८ | |
| ४७. | माधव अधिकारी | इ.डि | ना.यो.व्य. के.प्रा. सी. थापामहल | ९८५५१०८४९ ३२४ | |
| ४८. | रबिन श्रेष्ठ | डिभिजन प्रमुख | खानेपानी तथा सरसफाई डि.न. १, मकवानपुर | ९८५५०६२६२६ | |
| ४९. | दिपक कु. पौडेल | ना.प्र. | जिल्ला प्रशासन कार्यालय मकवानपुर | ९८५५०६०४५८ | |
| ५०. | शिवहरि दाहाल | जिल्ला विभाग प्रमुख | नेकपा एमाले मकवानपुर विपद व्यवस्थापन विभाग | ९८५५०६२३३४ | |
| ५१. | लक्ष्मण भट्टराई | कार्यालय प्रमुख | नेपाल रेडक्रस सोसाइटी मकवानपुर | ९८५५०२८६११ | |

मिति २०८२-०४-०६ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकको निर्णयहरूः-

१. श्री गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ८.१/३६६, मिति २०८२-०३-१६ को पत्रबाट प्राप्त निर्देशन बैठकका जानकारी गराइएको । सो सम्बन्धमा प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने सम्बन्धमा देहायअनुसार गर्ने ।

क. मनसुन अवधिभर जिल्ला सुरक्षा समिति/जिल्ला विपद् व्यवस्थापन समितिद्वारा मौसम पूर्वानुमान र परिस्थिति समेतको विश्लेषण गरी आवश्यकता अनुसार सवारी सञ्चालन सम्बन्धमा गरिएका/गरिने निर्णयहरू पालनाको लागि सार्वजनिक सवारी साधन सञ्चालन गर्ने विभिन्न यातायात व्यवसायी संघ, ढुवानी/पारवाहन सम्बन्धी संघ र निजी सवारी साधनहरूलाई आवश्यकतानुसार अनुरोध गर्ने । साथै, जिल्ला सुरक्षा समिति/जिल्ला विपद् व्यवस्थापन समितिद्वारा गरिएका निर्णयहरू पालना नगरी अटेर वा बलजफ्ती गरी सवारी सञ्चालन गर्ने, गराउनेलाई प्रचलित कानून बमोजिम कारबाहीको दायरामा ल्याउने ।

ख. सडक/राजमार्गमा बाढी, पहिरो, डुबान आदिका कारणले जुनसुकै बेला जुनसुकै स्थानमा अवरोध आउन सक्ने हुँदा सडक/राजमार्ग तत्काल सञ्चालन गर्न आवश्यक पर्ने हेभि इक्युपमेन्ट सडक डिभिजन कार्यालय, सम्बन्धित सडक योजना/आयोजना र स्थानीय तहहरूले २४ घण्टा तयारी अवस्थामा राख्ने ।

ग. सबै स्थानीय तहहरूले तत्काल उद्धार र राहतमा प्रयोग हुने न्यूनतम सामग्रीहरू तयारी अवस्थामा राख्ने र विशेष अवस्थामा सडक अवरूद्ध भई सवारी साधनहरू चल्न नसक्ने परिस्थितिमा कम्तिमा १५ दिनको लागि खाद्यान्न अभाव नहुने गरी व्यवस्था मिलाउने ।

घ. पुलको भारवहन क्षमता भन्दा बढी भारका सवारी साधनहरूको सञ्चालनले पुलमा क्षति पुर्याउने गरेको अवस्थालाई मध्यनजर गर्दै मनसुनको अवधिमा सडक/राजमार्गका पुलहरूमा क्षति हुन नदिनका लागि तोकिएको क्षमता भन्दा बढी भार भएका सवारी साधनहरू सञ्चालनमा कडाईकासाथ नियमन र नियन्त्रण गर्ने ।

ङ. विपद् प्रभावितहरूलाई विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम एकद्वार प्रणालीमार्फत प्रभावकारी रूपमा राहत तथा अनुदान वितरण गर्नका लागि स्थानीय तहहरूसँग आवश्यक समन्वय गर्ने ।

२. स्थानीय तह, सुरक्षा निकाय एवं विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवाला निकायहरूबाट प्राप्त सुझावहरू समेटी अद्यावधिक गरिएको मकवानपुर जिल्लाको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२** स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

३. श्री कैलाश गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार, मकवानपुरको च.नं. २९६८, मिति २०८२-०३-२४ को पत्रमार्फत मिति २०८२-०२-२८ को वर्षासँगै परेको चट्याङ्गबाट कैलाश गाउँपालिका वडा नं. ९ निवासी प्रकाश लामा गोलेको छोरा वर्ष १४ को कान्छा लाल गोलेको घटनास्थलमै मृत्यु भएकोले मृतकका हकदारलाई पालिकाबाट उपलब्ध गराइएको राहत रकम रु.२,००,०००/- को शोधभर्ना उपलब्ध गराई दिनका आवश्यक कागजात सहित अनुरोध भई आएको सन्दर्भमा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ११ बमोजिम सम्बन्धित पालिकालाई शोधभर्ना रकम उपलब्ध गराउने ।

४. श्री हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाको च.नं. ९९६८, मिति २०८२-०३-२२ को पत्रबाट "*हेटौडा उपमहानगरपालिका वडा नं. ८ को कि.नं. २६३ को क्षेत्रफल २-६-१४ र कि.नं. ४५० को क्षेत्रफल ०-१०-११.५ गरी जम्मा क्षेत्रफल २-१७-५.५ जग्गा फिल्डबुकमा बगर र खोल्सी*

रिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

उल्लेख भएको सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुरले भोग चलनको लागि माग गरेकोमा ८ नं. वडा कार्यालयको सिफारिस समेतको आधारमा क.नं. २६३ को पूर्व कि.नं. १७११४, १७६२५, १४०६८ समेत २० कित्ता जग्गा, पश्चिम कि.नं. २२२९९, १९१८४, १५७१ समेत १५ कित्ता जग्गा, उत्तर कि.नं. ४५० को बगर र दक्षिण कि.नं. ४४७ समेत ५ कित्ता जग्गा तथा कि.नं. ४५० को पूर्व कि.नं. ४१६, पश्चिम कि.नं. २२४३४, उत्तर कि.नं.४५१ र दक्षिण कि.नं. २६३, २२११३, २२२९८ र २२२९९ यति चार किल्ला क्षेत्रफलभित्रको जम्मा २-१७-५.५ जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को व्यवस्था बमोजिमको प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने मिति २०८२-०३-०७ गतेको नगर कार्यपालिकाको निर्णयानुसार उपरोक्त उल्लेखित जग्गाको नियमानुसार लिजको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ" भनी लेखी आएको । साथै, श्री जिल्ला प्रहरी कार्यालय (प्रबन्ध शाखा), मकवानपुरको च.नं. ८३६१, मिति २०८२-०३-१५ को पत्रबाट "थाहा नगरपालिका वडा नं. ३, थानाबजार स्थितमा वि.सं. २०३० सालदेखि इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुर सञ्चालनमा रहेता पनि उक्त प्रहरी कार्यालयको हालसम्म आफ्नो नाममा जग्गा नरहेको हुँदा कार्यालय भवन नभई कार्यलय सञ्चालन तथा दैनिक कार्य सम्पादनमा अति नै कठिनाई भइरहेको हुँदा साविक शिखरकोट गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ३३९ क्षेत्रफल ज.रो.१-४-३-० र सो देखि उत्तर तर्फ र इन्द्रेणीचौर जाने सडकको दक्षिण तर्फ रहेको जग्गाको क्षेत्रफल ज.रो.०-१३-०-० को ऐलानी जग्गामा इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरको भवन निर्माण गर्न दिने भनी थाहा नगर कार्यपालिकाको मिति २०८२-०३-०३ को बैठकबाट सर्वसम्मत निर्णय भएको हुँदा इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरको लागि जग्गा प्रासिको आवश्यक प्रकृया अगाडि बढाईदिने तर्फ व्यवस्था हुन सादर अनुरोध छ" भनी लेखी आएको सन्दर्भमा श्री सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुरलाई लिजमा उपलब्ध गराउने भनिएको साथै इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरले प्रास गर्ने भनिएको माथि उल्लेखित कि.नं. र क्षेत्रफलका जग्गाहरू विपद्का दृष्टिकोणले जोखिमयुक्त रहे, नरहेको र जिल्ला विपद् व्यवस्थापन समितिलाई भविष्यमा विपद् व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने, नपर्ने सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय समेतको आधारमा स्थलगत अध्ययन तथा प्रतिवेदन पेश गर्न जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरका जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तहको इन्जिनियर र पूर्वाधार विकास कार्यालयको अधिकृत प्रतिनिधि सदस्य रहेको स्थलगत अध्ययन तथा प्रतिवेदन समिति गठन गर्ने र उक्त समितिबाट प्रास प्रतिवेदनको आधारमा आगामी बैठकबाट निर्णय गर्ने ।

रिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी